म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १६ बुधबार ३० साउन २०८१ ने. सं. ११४४ गुँलाथ्व 14 August 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
## राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**डेंगीबाट बचौं र बचाऔं ।**

- ☞ उच्च ज्वरो आउनु ।
- ☞ जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु ।
- ☞ आँखाको गेडी दुख्नु ।
- ☞ अत्याधिक टाउको दुख्नु ।
- ☞ शरीरमा राता बिमिराहरू आउनु ।
- ☞ वाकवाकी लाग्नु वा वान्ता हुनु ।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# हेटौंडा खानेपानी बोर्डको वार्षिक आय १९ करोड

भानुभक्त आचार्य

हेटौंडा, २९ साउन/ हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले गत आर्थिक वर्षमा १९ करोड १६ लाख रुपैयाँ आम्दानी गरेको छ । बोर्डले ग्राहकबाट पानी महशुल संकलनलगायत समग्र आन्तरिक आम्दानी लक्ष्यअनुसार संकलन गर्न सफल भएको हो ।



२०८१ असार मसान्तसम्म पानी महशुल, जरिवाना, नयाँ धारा जडान, थप पाइप तथा फिटिङ, मिटर जडान मर्मत, नामसारी, निबेदन तथा अन्य दस्तुर र बैंक व्याज गरी वार्षिक कुल लक्ष्यको तुलनामा आन्तरिक आयतर्फ १०२.७५ प्रतिशत अर्थात १५ करोड ४ लाख ३६ हजार रुपैयाँ संकलन गरेका छ । बोर्डले बाह्य आम्दानीतर्फ हेटौंडा उपमहानगर र मकवानपुरगढी गाउँपालिकासँगको सहयकार्यअन्तर्गत १ करोड ७९ लाख ९४ हजार रुपैयाँ प्राप्त गरेको बोर्डका अध्यक्ष प्रताप बिष्टले बताएका छन् । बोर्डको बैंक मौज्दात २ करोड ३२ लाख रुपैयाँ रहेको छ ।

हेटौंडा उपमहानगरभित्रको वडा नं. २, ४, ५, ६, ७, ८, ९, १० र १४ को पूरै भूभाग, वडा नं १, ३ र १७ को केही भूभाग र वडा नं. १५, १६, १८ र १९ को ७०% प्रतिशत भूभागमा बसोबास गर्ने १ लाख ६० हजार नगरबासीलाई दैनिक सरदर ७ देखि ८ घण्टा ३ करोड ५७ लाख लिटर खानेपानी उत्पादन गरी २७ हजार ७ सय २१ वटा धारामार्फत वितरण गरिरहेको अध्यक्ष बिष्टले जानकारी दिए । हेटौंडाको मुख्य नगरक्षेत्रमा बोर्डले २४ सैं घण्टा पानी वितरण गर्न सफल भएको बिष्ट बताउँछन् । नगरक्षेत्रको वडा नं. ११, १२ र १३ मा उपभोक्ता समितिबाट खानेपानीको सेवाप्रवाह हुँदै आएको छ ।

नगरक्षेत्रभित्र बसोबास गर्ने नगरवासीलाई स्वच्छ र सर्वसुलभ किसिमबाट गुणस्तरीय रुपमा एउटै शुल्कमा खानेपानी उपलब्ध गराउनु हेटौंडा खानेपानी व्यवस्थापन बोर्डको उद्देश्य रहेको अध्यक्ष बिष्टले बताए । बोर्ड संचालनमा आएदेखि हालसम्म बोर्डमा १६ वटा उपभोक्ता समिति हस्तान्तरण तथा सेवाक्षेत्र विस्तार गर्दा ११ हजार धारा संख्यामा बृद्धि भएको छ । हेटौंडा उपमहानगर पालिकाले नगरबासीलाई राहत दिने उद्देश्यले न्यूनतम खानेपानी महशुलमा १० हजार लिटरसम्म खपतमा छुटको व्यवस्था गरेसँगै खानेपानी बोर्डमा उपभोक्ता समिति हस्तान्तरण हुनेक्रम बढेको छ । बोर्डले हेटौंडा उपमहानगरपालिका, बागमती प्रदेश सरकार र संघीय सरकारसँग सहकार्य गरी सेवाक्षेत्रमा सुधार गर्दै नयाँ क्षेत्रमा नयाँ आयोजनाको थालनी गरिरहेको छ ।

आ.व. २०८०/८१ को नीति तथा कार्यक्रममा उल्लेख गरिएका योजना सम्पन्न गरिएको छ । बोर्डबाट प्रतिदिन ३ करोड ५० लाख लिटर पानी उत्पादन गरी दैनिक सरदर ७ देखि ८ घण्टा २७७२१ धारामार्फत वितरण गर्दै आइरहेको छ । हाल हेटौंडाको मुख्य नगरक्षेत्रभित्र २४ सैं घण्टा पानी वितरण गर्न बोर्ड सफल भएको छ । नगरक्षेत्रभित्र वडा नं. ४, ५, ६, ७, १४ र १५ मा करिब ५४ लाख ७४ हजारको लागतमा २३ हजार ४ सय मिटर पाइपलाइन विस्तार कार्य वोलपत्रको माध्यमबाट सम्पन्न गरिएको अध्यक्ष बिष्टले बताए । विभिन्न साइजको करिब १ लाख ४ हजार मिटर १ करोड १८ लाख बराबरको पाइप बोलपत्रको माध्यमबाट खरिद गरिएको छ ।

हेटौंडा-८ मैदाटोलमा सशस्त्र प्रहरी बलको कम्पाउण्डभित्र समवेल निर्माण गरी प्रतिमिनेट १२ सय लिटर पानी उत्पादन गरी वितरण गरिएको र मकवानपुरगढी गाउपालिका-४ स्थित सामरीपुल नजिकै प्रतिदिन ६० लाख लिटर पानी उत्पादन क्षमताको समवेल निर्माण गरी पानी वितरण गरिएको अध्यक्ष बिष्टले बताए । हेटौंडा-१६ हटियामा शक्तिखोला खानेपानी तथा सरसफाई उपभोक्ता समितिअन्तर्गत रहेको खानेपानीको स्रोत, पानी भण्डारण टंकी सहित ५५७ वटा धारा बोर्डमा हस्तान्तरण गरियो । शक्तिखोलामा पानीको स्रोत पर्याप्त भएकाले सेही पानी हटियाको चिसापानीमा ल्याएर वडा नं १५, १६, १७ र १८ सम्म वितरण गर्न सकिने सम्भावना देखिएको अध्यक्ष बिष्ट बताउँछन् ।

हेटौंडा-१७ हटिया चिसापानीमा २०८० कार्तिक १६ गतेदेखि शाखा कार्यालय संचालनमा ल्याएर नियमित महशुल संकलन, नयाँ धारा जडानलगायत आवश्यक मर्मतसम्भार कार्य शाखा कार्यालय मार्फत गराउदै आइरहेको र यो क्षेत्रका सेवाग्राहीलाई चिसापानीमा शाखा कार्यालय स्थापना भएपछि धेरै सहज भएको बोर्डका सूचना अधिकारी सञ्जय न्यौपाने बताउँछन् । उपमहानगरको कार्यालय अगाडि र हेटौंडा-१ स्थित जिम पार्कमा सार्वजनिक धारा निर्माण गरिएको छ । बोर्डको सेवाक्षेत्रभित्र करिब १९ हजार मिटर पाइपलाइन सुधार तथा विस्तारको लागि बोलपत्रको माध्यमबाट टफ विल्डर्स एण्ड सप्लायर्स, चन्द्रागिरी, काठमाडौंले कार्य सम्पन्न गरेको सूचना अधिकारी न्यौपानेले बताए ।

संघीय सरकारको खानेपानी विभागबाट सिमलटार, रातोमाटे, हटिया परियोजनाअन्तर्गत करिब ८४ करोड रुपैयाँको डीपीआर तयार भई खानेपानी मन्त्रालयबाट स्रोत सुनिश्चताको लागि अर्थ मन्त्रालयमा पेश भएमा हालसम्म स्रोत सुनिश्चता नभएको सूचनाअधिकारी न्यौपानेले बताए । पानी परीक्षण प्रयोगशालाको भौतिक पूर्वाधार स्तरोन्नति गर्ने, बोर्ड अन्तर्गत रहेका खानेपानीका पूर्वाधारको सुधार र विस्तारको कार्य, खानेपानीका स्रोतको सुरक्षा एवम् संरक्षण कार्य, बोर्डको सेवाक्षेत्रभित्र २ स्थानमा डिप ट्यूवेल निर्माण, पानी पुनर्भरण (रिचार्ज) पोखरी स्थानीय तह र सामुदायिक वनसँगको सहकार्यमा निर्माण कार्य गरिएको बताइएको छ ।

आ.व. ०८०/८१ को असार मसान्तसम्मको बिलिङ रकम १३ करोड ९७ लाख रुपैयाँमध्ये १३ करोड ५८ लाख २५ हजार अर्थात ९७.२२% पानी महशुल उठाउन बोर्ड सफल भएको सूचना अधिकारी न्यौपानेले बताए । आ.व. २०८०/८१ को अन्त्यसम्ममा पानी महशुल वक्यौत्ता रकम ३९ लाख ४२ हजार रुपैयाँ रहेकोमा र बोर्डप्रति विश्वास गरी ग्राहकबाट ६४ लाख ५७ हजार रुपैयाँ अग्रिम महशुल भुक्तानी भएको न्यौपानेले बताए । बोर्डको खर्चतर्फ २०८०/८१ मा कार्यालय संचालनतर्फ ५ करोड ७६ लाख ३६ हजार रुपैयाँ र सेवा संचालनतर्फ ३ करोड ८७ लाख १ रुपैयाँ भएको न्यौपानेले जानकारी दिए ।

# मउवा संघको माग पूरा गर्न उपमहानगर असमर्थ

साझाकुरा संवाददाता

हेटौंडा, २९ साउन/ हेटौंडा उपमहानगरपालिकाले मकवानपुर उद्योग वाणिज्य संघको माग पूरा गर्न नसकिने जनाएको छ । उपमहानगरले चालु आर्थिक वर्ष २०८१/८२ को करको दरमा गरेको हेरफेरलाई कायमै राख्ने जनाएसँगै व्यवसायीको माग पूरा नहुने भएको हो ।

मकवानपुर उद्योग वाणिज्य संघले उपमहानगरले करको दरमा गरेको हेरफेरको विरोधमा आन्दोलन गर्ने चेतावनी दिएपनि उपमहानगर पालिका पछाडि नहट्ने भएको हो । उपमहानगरमा साउन १ गतेबाट अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८१ लागू भइसकेको अवस्थामा ऐन संशोधन गर्न नसकिने भएका कारण व्यवसायीको मागलाई सम्बोधन गर्न नसकिएको उपमहानगरले जनाएको छ ।

'आर्थिक ऐन जारी भइसकेको अवस्था छ । स्थानीय सरकारले आर्थिक ऐन जारी भएपछि करको दर हेरफेर गर्न सक्दैन । त्यसकारण व्यवसायीको माग पूरा गर्न तत्काल सम्भव छैन,' हेटौंडा उपमहानगरका प्रवक्ता सविन न्यौपानेले व्यवसायी र उपमहानगरवीचको छलफलमा आगामी वर्षमा कसरी समन्वय गरेर अगाडि बढ्न सकिन्छ भनेर प्रस्ताव गरिने बताए । चालु आवको साउन २९ गतेसम्ममा घर बाहल करबापत् ४४ लाख ७२ हजार ७९७ रुपैयाँ र व्यवसाय कर बापत् ३८ लाख २४ हजार ६४० रुपैयाँ संकलन भइसकेको प्रवक्ता न्यौपानेले बताए । उपमहानगरले आर्थिक वर्ष ०७५/०७६ पश्चात् चालु आवमा मात्रै करको दरमा हेरफेर गरेको हो ।




# कैलाशमा बन्चरो प्रहारबाट युवतीको हत्या

साझाकुरा संवाददाता

हेटौंडा, २९ साउन/ मकवानपुरमा एक युवकले सोमबार बेलुका श्रीमतीको हत्या गरेका छन् । कैलाश गाउँपालिका-५ काफलडाँडाका २८ वर्षीय मंगलबहादुर पाखिनले १८ वर्षीया लक्ष्मी पाखिनको बन्चरो प्रहार गरेका हत्या गरेका हुन् ।

मानसिकरोगको औषधि सेवन गरेका पाखिनले श्रीमती लक्ष्मीको टाउको र गर्दनमा बन्चरो प्रहार गरेको वडाध्यक्ष छेकु लामाले बताए । छिमेकीले घटना थाहा पाएपछि मंगलबहादुरलाई स्थानीयले नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय पालुङलाई खबर गरेका थिए ।

प्रहरीले सोमबार राति नै मंगलबहादुरलाई पक्राउ गरेर पालुङस्थित प्रहरी हिरासतमा राखिएको छ । उनीहरुको १३ महिनाकी छोरी रहेकी छिन् ।

**ई-रिक्साको पुरानो सामान बिक्रीसम्बन्धी जरुरी सूचना**

ई-रिक्सा (मयुरी) को पुराना पार्टपुर्जाहरु टायर, डिक्स, मोटर, चार्जरलगायत विभिन्न सामानहरु बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

५०% बैंकिङ सुविधा

सम्पर्कः
भेष खड्गी
९८५५०६८८७३, ९८४५४५७५०७

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- ☞ कार वास भित्र/बाहिर
- ☞ वायरिङ मर्मत
- ☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- ☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- ☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- ☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- ☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- ☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरूः**



- ☞ अनलाइन फर्म भर्ने सुविधा ।
- ☞ रोड टेस्ट गराइन्छ ।
- ☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- ☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- ☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्कः ९८४५१७०९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# खर्च प्रणालीमा सुधार

सरकारले हरेक आर्थिक वर्षको अन्तिममा आगामी आर्थिक वर्षका लागि प्रक्षेपण गरेको खर्चको लक्ष पूरा हुन सकिरहेको छैन । खर्च गर्ने प्रणालीमा सुधार हुन नसक्नु, विकास निर्माणका काम झन्झटिलो बन्नु, आवश्यकता भन्दा पनि शक्तिकेन्द्रको प्रभावमा बजेट तर्जुमा हुनु आदि कुराले बजेट खर्च सन्तोषजनक हुन सकिरहेको छैन । मुलुक प्रादेशिक संरचनामा गएपछि बागमती प्रदेश सरकारले बिनियोजन गरेको बजेट खर्च गर्ने क्षमतामा पछिल्ला वर्ष थोरै सुधार आएको देखिएको छ । तर, यसैमा चित्त बुझाउने अवस्था भने छैन । विगतका आर्थिक वर्षहरुमा मुस्किलले ६५ प्रतिशत वित्तीय प्रगति गर्ने बागमती सरकारको खर्च प्रणालीमा थोरै सुधार देखिएको हो । प्रदेश गठन भएदेखि नै बजेट कार्यान्वयन सुस्त देखिएको बजेट खर्च गत आर्थिक वर्षमा थोरै सुधार आएर ७२ प्रतिशतभन्दा बढी खर्च गर्न सक्षम भएको देखिएको छ । यसअघिका हरेक वर्ष प्रदेश सरकारको करिब ४० प्रतिशत बजेट फ्रिज हुँदै आएको थियो । विगत ७ वर्षको तुलनामा गत आर्थिक वर्षमा सबैभन्दा बढी ७२ प्रतिशत बजेट खर्च गरेको पाइएको छ ।

गत आर्थिक वर्ष २०८०/८१ को असार मसान्तसम्म प्रदेश सरकारको कुल बजेट खर्च ७२ दशमलव ३ प्रतिशत भएको छ । पछिल्लो समय १ महिना निरन्तर एउटै सरकारले काम गर्ने अवसर पाउँदा बजेट खर्च बढेको विश्लेषण गरिएको छ । विगत ५ वर्षको तथ्यांक हेर्दा प्रदेश सरकारको बजेट खर्च सुधारोन्मुख देखिएको छ । विगतका वर्षहरुको तुलनामा गत आर्थिक वर्षमा प्रदेश सरकारले सबैभन्दा बढी बजेट खर्च गरेको छ । ठुलो आकारको बजेट र महत्वाकांक्षी योजना अघि सारेपनि सरकार आफैंले बनाएको योजना कार्यान्वयनमा समस्या भोग्दै आएको थियो । बागमती सरकारले आर्थिक वर्ष २०८०/८१ का लागि ६२ अर्ब ७० करोड ९० लाख रुपैयाँ बजेट विनियोजन गरेकोमा पुँजीगततर्फ ७९.४७ प्रतिशत, चालुतर्फ ६५.१४ प्रतिशत खर्च गरेको प्रदेश लेखा नियन्त्रक कार्यालय हेटौंडाले जनाएको छ । राजनीतिक, प्रशासनिक तथा योजना छनोट र कार्यान्वयनको नीतिले बजेट खर्च बढेको हो । प्रदेश सरकारले योजना कार्यान्वयनमा ५ वर्षे नीति लिएसँगै योजना छनोट र बजेट विनियोजन प्रणालीमा केही सुधार आएकाले त्यसको प्रभाव बजेट खर्चमा देखिएको छ । प्रदेशका १३ मन्त्रालय र मातहतका निकायले चालु आर्थिक वर्षका लागि विनियोजन गरेको कुल बजेटमध्ये ४५ अर्ब ६७ करोड रुपैयाँ खर्च गरेको छ । प्रदेश सरकारले गत आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्ष २०७९/८० को तुलनामा ६.२३ प्रतिशत बढी बजेट खर्च गरेको हो । आर्थिक वर्ष २०७९/८० मा कुल विनियोजित बजेटको ६६.०६ प्रतिशत बजेट खर्च गरेको थियो ।

सबैभन्दा बढी अंकको बजेट ल्याएको आर्थिक वर्ष २०७९/८० मा प्रदेश सरकारको खर्च ६६.०६ प्रतिशत मात्र थियो । यो आर्थिक वर्षका लागि ७० अर्ब ९३ करोड ९२ लाख ९१ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको बागमती सरकारले ४६ अर्ब ८६ करोड २० लाख रुपैयाँ खर्च गरेको थियो । आर्थिक वर्ष २०७८/७९ मा प्रदेशको कुल बजेटको ६५.८३ प्रतिशत खर्च हुँदा ३४.१७ प्रतिशत बजेट फ्रिज भएको थियो । यो आर्थिक वर्षमा ५७ अर्ब ७२ करोड ९ लाख २७ हजार रुपैयाँको बजेट ल्याइएको प्रदेश सरकारले जम्मा ३७ अर्ब ९९ करोड ४९ लाख ४६ हजार रुपैयाँ खर्च गरेको थियो । आर्थिक वर्ष २०७७/७८ मा प्रदेश सरकारले ६९ प्रतिशत खर्च गरेको थियो । यो आर्थिक वर्षमा प्रदेशले ५१ अर्ब ४२ करोड ७४ लाख ९४ हजार रुपैयाँको बजेट सार्वजनिक गरेकोमा ३५ अर्ब ५९ करोड ४८ लाख ४१ हजार ५०१ रुपैयाँ खर्च गरेको थियो । आर्थिक वर्ष २०७६/७७ मा पनि बागमती प्रदेश सरकारले बजेट खर्च सोचेअनुरुप गर्न सकेन । यो वर्ष कुल बजेटको जम्मा ५८.७१ प्रतिशत खर्च भएको थियो भने ४१.२९ प्रतिशत बजेट फ्रिज भएको थियो । प्रदेश सरकारले २०७६/७७ मा ४७ अर्ब ६० करोड ७८ लाख ८६ हजार रुपैयाँको विनियोजित बजेटमध्ये २७ अर्ब ९५ करोड ८ लाख ७० हजार ४६९ रुपैयाँ खर्च गरेको थियो । बागमती सरकारको पहिलो आर्थिक वर्ष २०७५/७६ मा ल्याएको बजेटको जम्मा ६० प्रतिशतमात्र खर्च भएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन ३१ गते बिहीबार १५ अगष्ट २०२४ । दशमी, श्रावण शुक्लपक्ष । गुँलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:३५, सूर्यास्त ६:४० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मानसिक सन्तोष हुनेछ | **तुला** | : अधुरा काम सम्पन्न हुनेछ |
| **वृष** | : धन प्राप्ति हुनेछ | **वृश्चिक** | : सवारी साधनबाट क्षति हुन सक्नेछ |
| **मिथुन** | : व्यापारमा नयाँ योजना बन्नेछ | **धनु** | : रिसाउने बानीले काम बिग्रनेछ |
| **कर्कट** | : कठिनाई कम हुनेछ | **मकर** | : नोकरीबाट असन्तोष बढ्नेछ |
| **सिंह** | : साथीभाइमा मनमुटाव हुनेछ | **कुम्भ** | : सोचेर अगाडि बढ्नुपर्ने देखिन्छ |
| **कन्या** | : नयाँ काम समय देखिन्छ | **मीन** | : धार्मिक कार्यबाट प्रगति हुनेछ |

# 'नेपाल फर्स्ट' परराष्ट्र नीतिको खाँचो



✍ विष्णु रिजाल

उदारवादको विश्वव्यापी प्रभाव उच्चतम तहमा पुगेपछि बिस्तारै शक्ति राष्ट्रहरू त्यसबाट पछाडि फर्किने क्रम जारी छ । २०१६ मा रिपब्लिकन पार्टीबाट अमेरिकी राष्ट्रपति निर्वाचित भएपछि 'अमेरिका पहिलो' (अमेरिका फर्स्ट) को विदेश तथा व्यापार नीति अघि सारेका डोनाल्ड ट्रम्पका कट्टर आलोचक डेमोक्रेटिक पार्टीका जो बाइडेनले २०२४ मा चिनियाँ उत्पादनमाथि शतप्रतिशतसम्म कर बढाएर अमेरिकी नागरिकको चुनावी मनोविज्ञान डेमोक्रेटिक पार्टीको पक्षमा पार्न खोजिरहेका छन् ।

अमेरिकी बजारमा चिनियाँ विद्युतीय गाडीमाथि शतप्रतिशत, सेमिकन्डक्टरमाथि ५० प्रतिशत र ब्याट्रीमाथि २५ प्रतिशत कर थोपरिएको छ । पहिलो राष्ट्रपतीय भाषणमै 'अमेरिका फर्स्ट' नीति लिने घोषणा गरेका ट्रम्पले आफ्नो चारवर्षे कार्यकालमा अमेरिकालाई जलवायुसम्बन्धी पेरिस सम्झौताबाट फिर्ता, १२ राष्ट्र सम्मिलित ट्रान्स-प्यासिफिक साझेदारीबाट फिर्ता, मुस्लिम बहुल छ राष्ट्रका नागरिकमाथि अमेरिका भ्रमणमा प्रतिबन्ध, क्युबासँगको सम्बन्ध सहजीकरणमा बन्देज, विवादास्पद जेरुसेलमलाई इजरायली राजधानीको मान्यता, सीमामा पर्खाल लगाउने महत्त्वाकांक्षी घोषणा, राष्ट्रसंघीय मानवअधिकार आयोगबाट फिर्ता, स्टिल-अल्मुनियममाथि अधिक कर जस्ता काम गरेर 'अमेरिकालाई पहिलो बनाउने' नीति कार्यान्वयन गरेका थिए ।

ट्रम्पले अमेरिकाको छवि खत्तम बनाए भन्दै 'फेरि अमेरिका' (अमेरिका अगेन) नाराका साथ चार वर्ष ह्वाइट हाउसमा बिताउने क्रमको अन्त्यसम्म आइपुग्दा बाइडेनका नीतिहरूमा पनि खासै भिन्नता पाइँदैन । ट्रम्पले अमेरिकी प्रभुत्व विस्तारका लागि अघि सारेको इन्डो-प्यासिफिक रणनीतिलाई बाइडेनले पनि प्राथमिकताका साथ अघि बढाइरहेका छन् र आगामी राष्ट्रपतिका रूपमा डोनाल्ड ट्रम्प वा कमला ह्यारिस-जो आए पनि त्यस नीतिले निरन्तरता नपाउने कुरै छैन ।

अमेरिकाले ठीक गऱ्यो वा बेठीक, विश्लेषण गर्ने आ-आफ्नो कोण होला । तर, विश्वका हरेक राष्ट्रले आफ्नो राष्ट्रिय हितलाई केन्द्रमा राखेर परराष्ट्र नीति बनाउँछन् भन्नेमा दुई मत छैन । चीनदेखि रुससम्म, भारतदेखि ब्राजिलसम्म अमेरिकापछि शक्ति राष्ट्रका रूपमा उदाउँदै गरेका मुलुकहरूको नीति पनि यसभन्दा खासै भिन्न छैन । राष्ट्रिय हितलाई फदयमा राखेर परराष्ट्र सम्बन्ध सञ्चालन गर्ने कुरालाई पछिल्ला दिनमा व्यापारले थिच्दै लगेको छ । चीनको बढ्दो प्रभावलाई कम गर्नका लागि र कुनै दिन विश्वको बजार चिनियाँ उत्पादनले मात्रै भरिनेछ भन्ने चिन्तालाई कम गर्नका लागि अमेरिकालगायतका मुलुकहरू विशेष सचेत देखिएका छन् र त्यहीअनुसार अहिलेदेखि नै आफ्नो व्यापार तथा विदेश नीति परिमार्जन गरिरहेका छन् । चीनको छिमेकी भारतले कतिपय कुरामा चीनमा निर्भर हुँदाहुँदै पनि कैयौं चिनियाँ उत्पादन र कम्पनीहरूलाई आफ्नो देशभित्र प्रतिबन्ध लगाएको छ । यसो गर्नुका पछाडि चिनियाँ उत्पादनसँग प्रतिस्पर्धा गर्नबाट आफ्ना उत्पादनहरूलाई अप्ठेरो नपरोस् र दीर्घकालमा आफ्नो राष्ट्रिय हितमा प्रतिकूल असर नपरोस् भन्ने विश्लेषण नै प्रमुख कारण रहेको छ ।

भारतमा हालै नरेन्द्र मोदी तेस्रो पटक बहुमत गुमाएर सत्तामा फर्केपछि विदेशमन्त्रीमा दोस्रो कार्यकालका लागि निरन्तरता पाएका सुब्रमण्यम जयशंकरले पदभार ग्रहण गर्दा व्यक्त गरेको पहिलो प्रतिक्रिया छ, 'पक्कै पनि अगाडि हेर्दै, मलाई लाग्छ- प्रधानमन्त्रीले हामीलाई दिनुभएका दुई स्वयंसिद्ध कुराहरू- भारत प्रथम र बसुधैव कुटुम्बकम्- भारतीय विदेश नीतिका मार्गदर्शक हुनेछन् ।' अर्थात्, भारतले आफूलाई पहिलो नम्बरमा राखेर विश्वमा सबैसँग हातेमालो गर्ने नीतिलाई आफ्नो विदेश नीतिको कार्यकारी अंग बनाएको छ । शक्ति राष्ट्रको चाहना राख्ने र विश्वको पहिलो जनसंख्या भएका कारण त्यसबाट जनसांख्यिक लाभ हासिल भएका कारण पाँचौं ठूलो अर्थतन्त्रमा आइपुगेको भारतका लागि आफ्नो भूमिका बढाउने अपेक्षा अनौठो होइन । अनौठो त त्यो हो, विश्वका शक्तिशाली र शक्तिशाली हुन खोजिरहेका मुलुकहरूले आफ्नो भूमिका बदलिरहँदा नेपालचाहिँ पुरानै धङधङी र मनोविज्ञानभन्दा माथि उठ्न सकेको छैन ।

नेपाल भूराजनीतिक रूपमा महत्वपूर्ण बिन्दुमा अवस्थित छ । पुर्खाले बचाएको स्वतन्त्रताको गर्व हाम्रा नागरिक श्रम बेच्न विदेशका गल्लीमा भौतारिँदा बढ्दैन । अहिले पनि विदेशी फौजमा भाडाका सिपाही बनाउने देशका रूपमा हाम्रो नाम अंकित छ । हामीले हाम्रा कैयौं नीतिहरूलाई अब खुला फदयका साथ पुनरावलोकन गर्न ढिला भइसकेको छ । त्यसका लागि हामीले 'नेपाल पहिले' (नेपाल फर्स्ट) को नीति अवलम्बन गर्नुपर्छ । नेपालले अवलम्बन गरिरहेको 'छैन कसैसँग शत्रुता, सबैसँग मित्रता' को जगमा उभिएर 'नेपाल फर्स्ट' नीति निर्माण र अवलम्बन गर्न सक्दा अर्थतन्त्रलाई मजबुत बनाउन र नागरिकका अपेक्षा पूरा गर्न सकिन्छ । मुलुक गरिब, पछौटे, अविकसित, अस्थिर र परनिर्भर कायम रहँदासम्म इतिहासको गौरव-गाथाले मात्र त्यसको अन्तर्राष्ट्रिय छवि थेग्दैन । केपी शर्मा ओलीको नेतृत्वमा नयाँ सरकार बनेपछि पदभार ग्रहण गर्दा परराष्ट्रमन्त्री डा. आरजु राणाले 'नेपाल फर्स्ट' शब्दको उच्चारण गर्नुभएको छ । अब त्यसलाई कार्यरूप दिन सक्दा हामीले हाम्रा नीतिमा एउटा आयाम परिवर्तन (प्याराडाइम सिफ्ट) गर्न सक्छौं । वर्तमान सरकारसँग उपलब्ध त्यस सुविधालाई उपयोग गर्न सक्नुपर्छ ।

दिल्ली पुग्दा 'इन्डिया फर्स्ट', बेइजिङ पुग्दा 'चाइना फर्स्ट' र वासिङ्टन पुग्दा 'अमेरिका फर्स्ट' को मनोविज्ञान बोकेर कसैलाई पनि रिझाउन सकिन्न । जसलाई भेट्ने हो, उसैको हितमा कुरा गरेर खुसी बनाउँछु भन्ने मानसिकताले देशलाई दीर्घकालमा घाटा हुन्छ । हामीले खुसुक्क कुरा गरेका छौं भन्ने ठाने पनि ती मुलुकहरूसँग राम्रो संस्थागत स्मरण छ भन्ने कुरा ख्यालै गरिरहेको पाइँदैन । भूमिगतकालमा गोप्य रूपमा, अति विश्वसनीय ठानिएका पात्रमार्फत कहाँ-कहाँ के कसरी पत्राचार भएका रहेछन् भन्ने कुरा त बिस्तारै खुलिरहेका छन् भने ठूला स्वार्थ भएका शक्ति राष्ट्रहरूका बीचमा कुनै सूचनाको आदान-प्रदान हुँदैन भन्ने ठान्नुलाई भूल मात्र हुन्छ । प्राध्यापक एसडी मुनीलाई भेटेर भारतीय संस्थापन पक्षसमक्ष हारगुहारका लागि अनुरोध गर्दा, 'भारतको चाहनामा ठेस पुऱ्याउँदैनौं' भनेर लिखित प्रतिबद्धता हस्तान्तरण गर्दा र त्यही आधारमा भारतीय खुफिया एजेन्सीमार्फत सहुलियत प्राप्त गर्दा पुष्पकमल दाहाल-बाबुराम भट्टराईलाई कुनै दिन यिनै मुनीले आन्द्राभुँडी नै सार्वजनिक गरिदेलान् भन्ने सायदै लागेको थियो होला । अघिल्लो पुस्तक 'नेपाल इन ट्रान्जिसन' मार्फत मूल कुरा बाहिर ल्याएका प्राध्यापक मुनीले पछिल्लो पुस्तक 'ड्याब्लिङ इन डिप्लोमेसी' मा त्यसका थप बान्कीहरू सविस्तार खोलेका छन् । प्रधानमन्त्रीका रूपमा भारत भ्रमण गर्दा पुष्पकमल दाहाल उनीहरूसमक्ष निरीह सावित हुनु र उनीहरू रिसाउँछन् कि भनेर नेपालका मुद्दाहरू उठाउन नसक्नुका पछाडि यस्तै कुराहरूले त काम गरेको होला भन्ने अनुमान गर्न सकिन्छ ।

हामीले हरेक राष्ट्रसँग कुरा गर्दा दिल-दिमागमा 'नेपाल फर्स्ट' राखेर त्यहीअनुसार अडान लिन सक्नुपर्छ । राज्यको फदय हुँदैन, स्वार्थ मात्र हुन्छ । आफ्नो राष्ट्रिय हित मिलाउन सक्दा परस्पर प्रतिस्पर्धी शक्तिसँग पनि सहकार्य गर्न सकिन्छ भन्ने उदाहरण बंगलादेश छ । भारत र अमेरिकासँग बंगलादेशको राम्रो सम्बन्ध छ भने चीनबाट पनि लाभ लिइरहेको छ । नेपालसँग धेरै छनोट नै छैन, हाम्रा जम्मा दुईवटा छिमेकी छन् । अन्तर्राष्ट्रिय सम्बन्धमा व्यवस्थापनका दृष्टिले कम छिमेकी हुनुलाई सुविधा मानिन्छ । हामीले भारत र चीनलाई व्यवस्थापन गर्दा पुग्छ, धेरै टाढाको प्रतिस्पर्धामा पुग्नै पर्दैन ।

नेपालले कार्ड खेल्ने जमानाको उहिल्यै अन्त्य भइसकेको छ । भारतसँग व्यवहार गर्दा चिनियाँ कार्ड र चीनसँग व्यवहार गर्दा भारतीय कार्ड धेरै पुरानो विषय हो । कुनै बेला थियो, शक्ति राष्ट्रहरूसँग व्यवहार गर्दा यस्ता कुराले पनि कहींकतै अर्थ राख्थ्यो । तर, आज परिस्थितिमा बदलाव आइसकेको छ । आविष्कार र अन्वेषणले कतिपय पुराना तौरतरिकाहरूलाई असान्दर्भिक सावित गरिदिएको छ । नेपालले विगतमा अवलम्बन गरेको जसरी पनि बाँच्ने रणनीति (सर्भाइभल स्ट्राटेजी) मै रुमल्लिरहने मानसिकताबाट मुक्त नहुने हो भने हामीले विकासमा फड्को मार्न सक्दैनौं ।

कुनै पनि राष्ट्रका लागि आफ्नो स्वार्थ पहिला हुन्छ र हुनुपर्छ । त्यसका लागि विदेश नीति तय गर्दा आफ्ना जनताको मनोविज्ञान कस्तो छ भन्ने कुरा ख्याल गर्नुपर्छ । किनकि, यसै पनि परराष्ट्र नीतिलाई घरेलु नीतिको विस्तार मानिन्छ । झन् लोकतान्त्रिक प्रणालीमा त आम मानिसहरूले के सोच्छन् भन्ने कुराभन्दा पर पर राष्ट्र नीति जानै सक्दैन । पाकिस्तान वा बंगलादेशले हतार-हतार इजरायलका विपक्षमा अन्तर्राष्ट्रिय अदालतमा दक्षिण अफ्रिकालाई साथ दिनुका पछाडि घरेलु मनोविज्ञान प्रमुख कारण छ । अनि भारत र पाकिस्तानबीचमा ७५ वर्षदेखि जारी विवादमा जुनसुकै पार्टी र सरकारको एउटै स्वर र एकअर्काविरुद्ध गालीगलौज गर्नमा प्रतिस्पर्धा हुनुका पछाडि पनि यही मनोविज्ञानले काम गरेको छ ।

हामीले हाम्रो परराष्ट्र नीति तय गर्दा राष्ट्रिय मनोविज्ञानलाई ख्याल गर्नुपर्छ र छिमेकीहरूसँग थुप्रिएर रहेका विषयहरू छिमल्नै पर्छ । कालापानी, लिपुलेक, लिम्पियाधुराको विषय जति लम्ब्याएर राख्छौं, त्यति नै झाँगिँदै जान्छ र समाधान हुनुको साटो बिग्रिँदै जान्छ । वार्ताको टेबुलमा कुरै नउठाएर, तथ्यहरूमा उभिएर बहसै नगरेर र जे यथार्थ हो, त्यसलाई स्वीकार नगरेर यो समस्या कुनै जादुका रूपमा कहिल्यै समाधान हुन सक्दैन । परराष्ट्रमन्त्री, परराष्ट्र सचिव र सहसचिवका तहमा औपचारिक संयन्त्रहरू छन्, प्रधानमन्त्रीका तहमा भेटवार्ता हुन्छन् । हामीले यी विषयहरू उठाउनुपर्छ र साझा समाधान पहिल्याउनुपर्छ । अनि मात्र हामीले हाम्रो सम्बन्धलाई समस्यारहित बनाउन सक्छौं । अन्यथा, फोहोर कार्पेटमुनि लुकाएर सफा गरेको आत्मरतिमा रमाएर जस्तै शब्द र भाषणबाट दुईपक्षीय सम्बन्धलाई सबल बनाउन सकिँदैन ।

हुन त नेपालमा नयाँ सरकार बन्नु कुनै नयाँ कुरा भइरहेको छैन । तर, भर्खरै भरपर्दो नयाँ सरकार बनेको छ । सामान्यत: लोकतन्त्रमा खासै देखा नपर्ने दृश्य देखा परेको छ- दुई प्रमुख प्रतिस्पर्धी दलको संयुक्त सरकार । यसबाट सुरुदेखि राजनीतिक स्थिरताको सकारात्मक मनोविज्ञान निर्माण भएको छ । दुई ठूला दल मिल्नुको प्रभाव आर्थिक क्षेत्रमा झैं परराष्ट्र मामिलामा पनि देखिनुपर्छ । किनभने, अब बीचमा खेल्ने शक्तिका लागि ठाउँ छैन । संवैधानिक र कानुनी रूपमा राष्ट्रिय सहमतिको सरकार भन्न नसकिए पनि राजनीतिक रूपमा दुई तिहाइको वर्तमान सरकारले दुई प्रमुख विचारधाराको प्रतिनिधित्व गरेर राष्ट्रिय सहमतिको स्वरूप ग्रहण गरेको छ । यस्तो बेलामा मुलुकलाई दीर्घकालीन रूपमा प्रभाव पार्ने र भोलि जसको सरकार आए पनि परिवर्तन नहुने गरी परराष्ट्र नीति बनाउन सकिन्छ र बनाउनुपर्छ । हामीले विगतमा गरेका अभ्यासहरूमा कहाँ-कहाँ त्रुटि रहे र अब कसरी अघि बढ्नुपर्छ भनेर सबैलाई समेटेर खुला दिमागले छलफल गर्ने उपयुक्त बेला यही हो । मुख्य दलको बलियो सरकारले परराष्ट्र नीतिलाई सामयिक रूपमा अद्यावधिक गरी बलियो परराष्ट्र नीति निर्माण गर्ने अपेक्षालाई अन्यथा मान्न मिल्दैन ।

आजको सन्दर्भमा नेपालले परराष्ट्र मामिलामा धेरै दायाँ-बायाँ गर्ने छुट छैन । लामो समय पार्टीमा विदेश विभाग सम्हालेको, संक्रमणकालीन अवस्थामा मुलुकको परराष्ट्रमन्त्री भएर सफलतापूर्वक काम गरेको र चौथो पटक प्रधानमन्त्री भएकाले केपी शर्मा ओलीको अनुभव, अठोट र अडान परराष्ट्र मामिला सञ्चालनमा प्रतिबिम्बित हुने अपेक्षा छ । नेपाल न कसैको विरोधी हो, न कसैको 'क्लाइन्ट-स्टेट' नै । सार्वभौम मुलुकका रूपमा नेपालले आफ्नो राष्ट्रिय स्वार्थहरूलाई दृढताका साथ अघि सार्दा को रिसाउँछ भन्ने प्रश्नै आउँदैन । आफ्नै अघिल्ला कार्यकालहरूमा अघि बढाएका कामहरूलाई मात्रै किनारा लगाउन सक्नुभयो भने प्रधानमन्त्री ओलीले नेपालको परराष्ट्र सम्बन्धमा पुऱ्याएका योगदानहरू 'ओली डक्ट्रिन' का रूपमा स्थापित हुनेछन् ।

यस कार्यकाललाई नेपाली जनतालाई देखाएको रेलको सपना साकार पार्न सी चिनफिङ र नरेन्द्र मोदीसँग 'ब्रेक थ्रु' गर्ने उपयुक्त अवसरका रूपमा उपयोग गर्नुका साथै भारतसँगको सीमा लगायतका विषयहरू समाधान गर्ने र चीनसँगको बीआरआईलाई अन्तिम रूप दिएर उल्लेख्य योजना कार्यान्वयन गर्न सक्दा त्यसबाट हुने नेपालको राष्ट्रिय हितको प्रवर्द्धन तुलना अरूसँग हुन सक्दैन । बीपी कोइरालापछि दोस्रो पटक दुई तिहाइको विश्वाससहित बलियो सरकारको नेतृत्व गर्न पाउनुभएका प्रधानमन्त्री ओलीबाट राष्ट्रले चिरकालसम्म सम्झिरहनका लागि यस कार्यकालमा यही अपेक्षा गरेको छ ।

*(साभार: ई-कान्तिपुर)*

# प्रदेश खारेज: संविधानलाई घाइते बनाउने माग

✍ अजय सुवेदी

हामीकहाँ कतिपयले संघीयतालाई विदेशीले थोपरिदिएको व्यवस्था भनी आलोचना गरेको पाइन्छ । वास्तविकता भने यो होइन, हामीकहाँ २००८ सालमै तराई काङ्ग्रेस पार्टीले संघीयताको माग गरेको थियो । यस्तै, नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठले तयार गरेको राजनीतिक दस्तावेजमा समेत जातीय र क्षेत्रीय विभेद अन्त्यका लागि निर्वाचित क्षेत्रीय सरकारको आवश्यक रहेको उल्लेख छ ।

सन् १९९० मा आएर नेपाल सद्भावना पार्टीले पनि हिमाल, पहाड र तराईसहित तीन प्रदेशसहितको संघीय शासन प्रणालीको अवधारणा पेस गरेको थियो । पछि नेकपा माओवादीले सशस्त्र सैर्षका क्रममा विभिन्न जातीय, भाषिक र क्षेत्रीय स्वायत्त प्रदेशको अभ्यास गरेको देखिन्छ । तथापि उसले २०६३ माघ १ गते अन्तरिम संविधान जारी गर्दा उक्त मुद्दा छाडेको देखिन्छ । अन्तरिम संविधान जारी भएपश्चात् संघीय शासन प्रणालीको माग गर्दै तत्कालीन जनअधिकार फोरमको नेतृत्वमा मधेस आन्दोलन भयो । त्यसपछि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले २०६३ माघ २९ गते संघीय शासन प्रणालीसहित अन्तरिक संविधान संशोधन गर्न बाध्य भएका थिए । तसर्थ नेपालमा संघीय शासन प्रणाली राजनीतिक विकास क्रमकै उपज हो, कसैले थोपरिदिएको होइन, यसलाई अन्यथा तरिकाले विश्लेषण गर्नु उपयुक्त देखिँदैन ।

**संविधान घाइते बनाउने प्रदेश खारेजको माग**

हामीकहाँ संघीय सरकार र स्थानीय सरकारको अभ्यास नौलो होइन, प्रदेश सरकारको अभ्यास भने नौलो हो । संविधान जारीपछिको पहिलो निर्वाचन (२०७४) बाट बनेको प्रदेश सरकार चलाउन संवैधानिक आधारबाहेक केही थिएन । अर्थात् कानुनदेखि भौतिक संरचना बनाउनुपर्ने थियो । त्यसैले पहिलो प्रदेशसभाको कार्यकाल अत्यावश्यक कानुन निर्माण, कर्मचारी भर्ना र आवश्यक कार्यालय स्थापना आदि कार्यमै बित्यो । २०७९ सालमा सम्पन्न निर्वाचनपछिको डेढ वर्षको अवधिसम्म प्रदेशहरू राजनीतिक अस्थिरताको चपेटामा फस्न पुगे । यस अवधिमा कोशी प्रदेशमा पाँचवटा सरकार, सुदूरपश्चिममा तीनवटा सरकार, गण्डकीमा चारवटा सरकार गठन भइसकेका छन् । प्रदेशमा सरकार फेर बदल हुनुमा प्रदेशसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दल केन्द्रीय छायाबाट मुक्त नहुनु हो । राजनीतिक दलका प्रदेश समितिहरू राजनीतिक निर्णय गर्न स्वायत्त र अधिकार सम्पन्न छैनन् भन्ने तथ्य यसबाट उजागर भएको देखिन्छ । प्रादेशिक राजनीतिक नेताहरू केन्द्रीय नेताहरूको निर्देशनलाई मान्ने गर्छन् । केन्द्रीय सत्तामा आएको फेरबदलले प्रदेश सरकार तासको घरभैँ गर्ल्यामगुर्लुम्म हुँदा प्रदेशमा राजनीतिक अस्थिरता बढेको देखिन्छ । यसबाट हाम्रो राजनीतिक संघीयता बामे सर्न समेत नसकेको देखिन्छ । राजनीतिक दलका संरचना संघीयता अनुकूल रूपान्तरण नहुँदा यस्तो अवस्था आएको देखिन्छ ।

प्रदेशमा देखिएको राजनीतिक अस्थिरताका कारण कतिपयले प्रदेश खारेजको मुद्दा उठाइरहेको पनि देखिन्छ । प्रदेश खारेज गरे के हुन्छ भन्नेतर्फ उनीहरूको ध्यान पुगेको देखिँदैन । उनीहरूले भनेझैँ प्रदेश खारेज गर्ने हो भने यसको असर सीधा संविधानमाथि पर्ने देखिन्छ । संविधानले गणतन्त्र, धर्मनिरपेक्षता, समावेशिता र संघीयतालाई आधारभूत विषय मानेको छ, जुन अंशोधनीय छन् । प्रदेश खारेज गरेमा संविधानका चार खुट्टामध्ये एक खुट्टा भाचिन्छ र संविधान घाइते हुन्छ । संविधान घाइते भयो भने शासन प्रणाली पनि घाइते हुन्छ । शासन प्रणाली घाइते हुनु भनेको हाल राज्यले अवलम्बन गरेको राजनीतिक व्यवस्था समाप्त हुनु हो । अत: नेपालमा प्रादेशिक संरचनाको खारेज राजनीतिक व्यवस्था बदलिए मात्र हुन्छ, अन्यथा सम्भव देखिँदैन ।

राजनीतिक व्यवस्था सामान्य अवस्थामा परिवर्तन हुँदैन । जनताले गरेका आन्दोलन, क्रान्ति र सैर्षबाट मात्र यो सम्भव हुन्छ । अर्कोतिर वर्तमान संविधानले दुईतिहाइको बलमा व्यवस्था बदल्न सक्ने व्यवस्था गरेको छ । त्यसकारण व्यवस्था बदल्नका लागि जनतामा जानुपर्छ र दुईतिहाइ बहुमत ल्याउन जरुरी छ ।

**प्रदेशबिनाको संघीयता !**

हामीकहाँ कतिपयले सजिलै भनिदिन्छन्– प्रदेश खारेज गरेर संघ र स्थानीय तह गरी दुई तहको संघीयता भए पुग्छ । ऐतिहासिक तथ्य केलाउने हो भने यस्ता तर्कमा खासै दम देखिँदैन । संघीय शासन प्रणालीका असली सरकार भनेका प्रदेश सरकार हुन्ह जसलाई राज्य, क्यान्टोन, ल्यान्डर आदि नामले पुकार्ने गरिन्छ । स्थानीय सरकार र केन्द्रीय सरकार त एकात्मक राज्य प्रणालीमा पनि कुनै न कुनै स्वरूपमा अस्तित्वमा रहेका हुन्छन् । स्थानीय निकायको अभ्यास नेपालमा लिच्छविकालबाटै सुरु भएको मानिन्छ । हामीले विकेन्द्रीकरणको अभ्यास पञ्चायतकालबाट गरेका थियौं, तर पञ्चायतकालीन विकेन्द्रीकरण हात्तीले देखाउने दाँत मात्र थियो । त्यतिबेला केन्द्रमा रहेको स्रोत-साधन, अधिकार, जिम्मेवारी र उत्तरदायित्त्व स्थानीय स्तरमा हस्तान्तरण हुन सकेन । बहुदलीय व्यवस्थाको पुनर्स्थापनापश्चात् विषयगत निक्षेपणका अवधारणा आए, तर यो पनि सफल हुन सकेन । तसर्थ इतिहासमा भोगेका हन्डर र ठक्करबाट पाठ सिक्दै हामी संघीय शासन प्रणालीमा प्रवेश गरेको तथ्यलाई बिर्सनु हुँदैन । कतिपयले नेपालमा संघीयता जरुरी छैन, पूर्ण विकेन्द्रीकरण भए पुग्छ भनेका छन्, यस्तो तर्क व्यावहारिक र प्राज्ञिक हिसाबले गलत देखिन्छ । संघीयता भनेको संवैधानिक विकेन्द्रीकरण हो । जसमा सबै प्रकारका विकेन्द्रीकरण पर्ने गर्छन् । विकेन्द्रीकरणको उच्चतम अवस्था संघीयता हो ।

संघीयताको विरोध गर्नेले केही तर्क राखेको देखिन्छ, आउनुस्, ती तर्कलाई केलाएर हेरौं 'प्रदेश संरचना कसरी महँगो भयो'

आम जनता मात्र होइन, कतिपय शीर्ष दलका शीर्ष नेताहरूले नै आर्थिक स्रोतले धान्न नसक्ने हुँदा प्रदेश संरचनालाई खारेज गर्नुपर्छ भनिरहेको पाइन्छ । तथ्यगत हिसाबले हेर्दा प्रदेश सरकारहरू खर्चिला देखिँदैनन् । कुल सार्वजनिक खर्चको १० प्रतिशत मात्र प्रदेश सरकारले खर्च गर्ने देखिएको छ । त्यस्तो खर्चमध्ये ६७ प्रतिशत संघीय सरकार र २७ प्रतिशत स्थानीय तहले गर्छन् । प्रदेश सरकारबाट विनियोजन हुने कुल बजेटको ६० प्रतिशत पुँजीगत खर्च र ४० प्रतिशत चालु खर्चको हिस्सा रहने गरेको देखिन्छ, तर संघ र स्थानीय तहमा ७० प्रतिशत खर्च चालु खर्चमै सकिन्छ ।

प्रदेश संरचनालाई मीतव्ययी र किफायती तरिकाले चलाउने सयौं विधि र तरिका छन्, तर त्यसतर्फ बहस भएको छैन । बहस केवल तथ्यभन्दा बाहिर गएर भावनात्मक रूपमा बरालिएको देखिन्छ । संविधानको अनुसूचीमा रहेका संघीय एकाइका अधिकार क्षेत्रको अध्ययन गर्ने हो भने साबिक एकात्मक राज्य संरचनामा केन्द्र सरकारमा निहित रहेका दुईतिहाइ कामहरू प्रदेश र स्थानीय सरकारमा हस्तान्तरण भएका छन् ।

*(साभार: रातोपाटी)*

# प्रहरी-सशस्त्रमा घट्दो छ शान्ति मिसनमा जाने अवसर



काठमाडौं/संयुक्त राष्ट्रसंघले दुई महिनाअघि सार्वजनिक गरेको सूची अनुसार, शान्ति मिसनमा सहभागी हुने फौजमा नेपाली सेना पहिलो स्थानमा छ ।

राष्ट्रसंघको न्यूयोर्कस्थित हेडक्वार्टरले नेपाली सेनालाई सैनिक सल्लाहकारमा उम्मेदवारी दिनसमेत प्रस्ताव गरेको थियो । यदि नेपाली सेनाले यो भूमिका पाएको भए शान्ति सेनामा नेपालीको उपस्थिति हालसम्मकै उच्च तहमा पुग्ने थियो । तर, नेपालबाट उम्मेदवारी नै परेन ।

'यो भूमिका पाउन लेफ्टिनेन्ट जनरल (रथी) तहकै अधिकृत चाहिन्थ्यो, एक जना रथी निर्मलकुमार थापा शान्ति मिसनको फोर्स कमाण्डरका रुपमा बाहिरै कार्यरत हुनुहुन्छ', सैनिक प्रवक्ता गौरवकुमार केसी भन्छन्, 'अर्का रथी अशोकराज सिग्देल प्रधान सेनापतिको रुपमा जिम्मेवारी सम्हाल्ने क्रममा हुनु भएकाले उम्मेदवारी दिने अवस्था भएन ।' प्रतिकुल समयका कारण नेपाली सेनाले त्यो पदमा उम्मेदवारी दिन नसकेको केसी बताउँछन् ।

नेपाली सेना विश्वमै सबैभन्दा बढी फौज पठाउने निकाय बनिरहँदा सशस्त्र प्रहरी बल र नेपाल प्रहरीबाट भने शान्ति मिसनमा उपस्थिति निरन्तर घट्दो क्रममा छ । नेपाल प्रहरीका प्रवक्ता दानबहादुर कार्कीका अनुसार, अहिले मिसनमा प्रहरीबाट 'इन्डिभिजुअल पुलिस अफिसर' २८ जना छन् भने प्रोफेसनल ४ जना छन् ।

फर्म्ड पुलिस युनिट (एफपीयू) मिसनमा नेपाल प्रहरीको उपस्थिति शून्य छ । पछिल्लो पटक हाइटीमा खटिएको टोली सन् २०१९ मा फर्किएपछि नेपाल प्रहरीले हालसम्म फेरि एफपीयू मिसनमा जाने अवसर पाएको छैन । सन् २००४ को सेप्टेम्बरदेखि हालसम्म ३ हजार ७० जना प्रहरी अधिकृत मिसनमा सहभागी भएका थिए । अन्तिम पटक हाइटीको मिसनमा १४० जना प्रहरी अधिकारीहरु सहभागी भए भने डार्फर मिसनमा २०२० मा फर्किएको टोली नै अन्तिम बन्यो । 'संयुक्त राष्ट्रसंघको शान्ति मिसनलाई आवश्यकता नपरेकाले नयाँ टोलीका लागि प्रस्ताव नआएको हुनसक्छ', प्रहरी प्रवक्ता कार्की भन्छन्, 'अहिले विश्वभरिका प्रहरीका लागि दखास्त खुल्दा आवेदन दिएर मापदण्ड पुगेका अधिकृतहरु मात्रै शान्ति मिसनमा खटिएका छन् ।' कुनै बेला प्रहरीका लागि शान्ति मिसन आकर्षणको केन्द्र बन्ने गरेको थियो ।

'मिसनमा गएर फर्किएपछि घरजग्गा वा केही जोड्न सकिने किसिमको कमाइ हुन्थ्यो, त्यसैले प्रहरीमा यो आकर्षणको रुपमा थियो', पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) उत्तमराज सुवेदी भन्छन्, 'अहिले मिसनमा अवसर अत्यन्त न्यून हुँदा प्रहरी सेवाप्रति युवालाई आकर्षित गराउन र कर्मचारीलाई टिकिरहने बनाउन थप क्षेत्रहरुमा काम गर्नुपर्ने देखिन्छ ।'

नेपाल प्रहरी मात्र होइन, सशस्त्र प्रहरी बलको अवस्था पनि उस्तै छ । सन् २०२२ देखि सशस्त्र प्रहरीको फौज दक्षिण सुडानमा मात्र सीमित छ । वर्षेनि १८० जनाको टोली दक्षिण सुडान जाने गरेको सशस्त्र प्रहरीका सहप्रवक्ता शैलेन्द्र थापा बताउँछन् । कुनै बेला सशस्त्र प्रहरीले एक वर्षमा ५९९ जनालाई एफपीयू मिसनमा पठाएको इतिहास छ । पछिल्लो पटक सन् २०२१ पछि सशस्त्र प्रहरीका लागि सुडानको डार्फर मिसनमा जाने अवसर कटौती भएको थियो ।

द्वन्द्वग्रस्त अफ्रिकी मुलुक मालीमा शान्ति स्थापनार्थ टोली खटाउन २०७९ सालमा सशस्त्र प्रहरीलाई प्रस्ताव आएपनि टोली जान भने पाएन । किदाल क्षेत्रमा तनाव बढेपछि संयुक्त राष्ट्र संघले सशस्त्र प्रहरीका १४० जना सुरक्षाकर्मीलाई मिसनमा पठाउन प्रस्ताव गरेको थियो ।

सशस्त्र प्रहरीका एक अधिकृत भन्छन्, 'त्यसअनुसार संयुक्त राष्ट्रसंघको टोली आएर बन्दोबस्तीका सामान समेत जाँचेर तयार भएर बस्न भनिएको थियो ।' तर, अन्तिम समयमा तत्काललाई टोली नचाहिने सन्देश संयुक्त राष्ट्रसंघबाट आएपछि सशस्त्र प्रहरीका अधिकारीहरुले यो अवसर गुमाए ।

### राष्ट्र संघबाट बजेट कटौती

नेपाल प्रहरीको अन्वेषण योजना तथा विकास निर्देशनालयले २०७७ सालमा गरेको प्रहरी हवल्दार तथा जवानहरुको मनोबलसम्बन्धी अध्ययनमा सहभागीमध्ये ९८ प्रतिशतले यूएन शान्ति मिसनमा जान नपाएको गुनासो गरेका थिए ।

मनोबल वृद्धि गर्न '३० वर्षे सेवा अवधिमा कम्तीमा एक पटक अनिवार्य मिसनमा जान पाउने व्यवस्था हुनुपर्ने' उनीहरुको माग थियो । 'संयुक्त राष्ट्रसंघीय मिसनका लागि अन्य देशमा समेत कोटा थप गर्ने प्रयास हुनुपर्ने धारणा व्यक्त भएको थियो', प्रतिवेदनमा भनिएको छ । नेपाल प्रहरीका पूर्वडीआईजी हेमन्त मल्ल ठकुरीका अनुसार, संयुक्त राष्ट्रसंघले शान्ति मिसनमा छुट्याएको बजेटमा कमीसँगै नेपालका तर्फबाट पर्याप्त लबिङ नहुँदा पनि प्रहरीले मिसनमा सहभागीका लागि अवसर गुमाएको हो ।

'बजेटको समस्याले समेत कोटा कम आएको हो, तर अर्को कुरा के हो भने सेनाको तर्फबाट संयुक्त राष्ट्र संघको मुख्यालयमा प्रतिनिधित्व छ, लबिइङ राम्रोसँग हुन्छ', ठकुरीले सुनाए, 'प्रहरीबाट चाहिँ पर्याप्त लबिइङ पनि हुन सकेन ।'

प्रहरीको यूएन शाखाका एक अधिकृतका अनुसार, नेपाल प्रहरी २०४८ सालदेखि संयुक्त राष्ट्र संघको शान्ति मिसनमा जान थालेको हो । 'नेपाल प्रहरीबाट पहिलो पटक युगोस्लाभियामा शान्ति मिसनका लागि टोली गएका थियो', ती अधिकृतले भने, 'त्यसपछि नेपाल प्रहरीले स्लोभेनिया, बोस्निया, कम्बोडिया, नेदरल्याण्डस, रुवाण्डा, इस्ट टिमोर, अफगानिस्तान, कंगो, लाइबेरिया, हाइटी, सुडान लगायतमा काम गरिसकेको छ ।'

हालसम्म प्रहरीबाट फर्म्ड पुलिस युनिट (एफपीयू) र इन्डिभिज्युअल पुलिस अफिसर (आईपीओ) गरेर ८ हजार ६१५ जना शान्ति मिसनमा गएका छन् । तर, अहिले एफपीयू पूर्णरुपमा बन्द भइसकेको छ भने आईपीओमा एकदम न्यून प्रतिनिधित्व छ । पूर्वएआईजी सुवेदीका अनुसार, पछिल्लो समय शान्ति मिसनमा अंग्रेजीभन्दा फ्रेन्च बोल्नेहरुलाई बढी प्राथमिकता छ ।

'कतिपय मिसनको नेचर अनुसार, अफ्रिकनलाई नै बढी कोटा दिनुपर्छ भन्ने आवाज पनि उठेकाले हामीलाई अवसर कम भएको हो', उनले भने, 'अर्को कुरा फर्म्ड पुलिस यूनिट (एफपीयू) कै कोटा संयुक्त राष्ट्र संघले विभिन्न कारणले कटौति गरेको छ ।'

### सेनामा महिलाको संख्या बढाउने तयारी


प्रहरी र सशस्त्रमा शान्ति मिसनको अवसर घट्दो क्रममा हुँदा सेनामा भने सहभागिता उत्साहजनक छ । नेपाली सैनिक फौज विश्वका विभिन्न स्थानका ११ वटा मिसनमा सहभागी छ । संयुक्त राष्ट्र संघले ५ अगस्ट २०२४ मा जारी गरेको विवरण अनुसार, नेपालका ५ हजार ९१६ सैनिक शान्ति मिसनमा छन् । तीमध्ये ६७४ जना महिला सैनिक छन् ।

नेपाली सेना सबैभन्दा बढी महिला सैनिक शान्ति मिसनमा पठाउनेमध्येमा पनि गर्छ । जंगीअड्डाले महिलाको संख्या अझै बढाउने तयारी गरिरहेको छ । सैनिक प्रवक्ता गौरवकुमार केसीका अनुसार, सेनाबाट एक हजार १५१ जना कंगो, दक्षिणमा एक हजार ७५२, अब्यई क्षेत्र (सुडान) मा १०७ जना, पश्चिमी सहारामा ५, इजराइलमा २, लेबनानमा ८७७, सिरियामा ४५२, अफ्रिकामा १ हजार २४१, इराकमा ८८, लिबियामा २३१ र यमनमा दुई जना सैनिक कार्यरत छन् ।

प्रवक्ता केसीको भनाइमा, नेपाली फौजले विश्वमै उत्कृष्ट काम गर्छन् भन्ने प्रभाव भएकाले पनि नेपाली सैनिकलाई सबैभन्दा धेरै कोटा उपलब्ध भएको हुनसक्छ । 'संयुक्त राष्ट्र संघले वार्षिक क्यालेन्डर नै बनाएर कति फौज आवश्यक छ, त्यही अनुसार माग गर्छ', उनले भने, 'त्यसै अनुसार हामीले टोली पठाउने हो ।'

*(स्रोत: अनलाइनखबर)*

# फूलपातीमा थपियो '१२ गाउँ', त्रिपक्षीय भिडन्त निश्चित




काठमाडौं/यसपालिको दशैंको फूलपाती अर्थात् असोज २४ गते बक्स अफिसमा नेपाली फिल्मबीच त्रिपक्षीय भिडन्त हुने भएको छ । 'छक्का पन्जा ५' र 'ज्वाइँ साब'पछि अब यो मितिमा अभिनेता विराज भट्टको निर्माण तथा निर्देशनमा तयार भएको एक्सन प्रधान फिल्म '१२ गाउँ' पनि प्रदर्शनमा आउने भएको छ । मंगलबार टिजर पोस्टर सार्वजनिक गर्दै फूलपातीलाई प्रदर्शन मिति घोषणा गरिएको हो ।

पोस्टरमा विराजका छोरा समीर भट्ट देखिएका छन् । सुगठित शरीरसहित सर्टलेस अवतारमा मेशिनगन चलाउँदै गएको अवस्थामा उनलाई देख्न सकिन्छ । पृष्ठभूमिमा भने गाउँको घना बस्ती छ । पोस्टरले नै फिल्म एक्सनले भरिएको प्रष्ट हुन्छ । यही फिल्मबाट समीरले डेब्यु गरेका हुन् । नेपाली फिल्मलाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउने सोचसहित '१२ गाउँ' बनाएको विराजले बताएका छन् ।

यसमा विराज पनि मुख्य भूमिकामा छन् भने पूर्वमिस नेपाल इन्टरनेशनल न्यान्सी खड्का, मोडल सनिशा भट्टराई, मुरलीधर, दीया मास्के, अर्जुन जंग शाही, कनिज कोइराला, नरेन खड्का, कृष्ण भट्ट, सोनु चन्द्रपाल, कालु राना, भिष्म जोशी, तारा शर्मा, शुलेमान शंकर (इकु), किशोर भट्ट, सन्तोष सरकार, स्टन्ट सिल्भा (साउथ फिल्मका चर्चित कलाकार) लगायतको पनि अभिनय रहेको छ ।

यसमा अर्जुन पोखरेल र निरजको संगीत, रामजी लामिछाने, सुनिल क्षेत्री र कविराज गहतराजको कोरियोग्राफी तथा प्रवीन केएल र भुपेन्द्र अधिकारीको सम्पादन रहेको छ भने विराज स्वंयमको कथा र सन्तोष सरकारको पटकथा तथा संवाद लेखन छ । फिल्ममा साउथका स्टन्ट सिल्भाको द्वन्द्व निर्देशन छ । उनलाई शंकर महर्जनले सघाएका छन् । महेश पौडेलले यो फिल्मलाई खिचेका हुन् ।

# ७ वर्षपछि 'जन्ते बाख्रो'बाट फिल्ममा फर्किंदै आसिफ



काठमाडौं/अभिनेता आसिफ शाह ७ वर्षपछि फिल्म अभिनयमा फर्किने भएका छन् । सिमोस सुनुवारको निर्देशनमा बन्न लागेको फिल्म 'जन्ते बाख्रो'बाट उनको पुनरागमन हुन लागेको हो । यसअघि उनी सन् २०१७ मा प्रदर्शनमा आएको फिल्म 'दुई रुपैयाँ'मा देखिएका थिए । यसपछि उनको व्यस्तता रियालिटी शो उद्घोषण र म्यूजिक भिडियोमा र हृयो । उनी चाँडै फिल्म निर्माण गर्ने तयारीमा पनि छन् ।

'जन्ते बाख्रो'मा यसअघि अभिनेता सौगात मल्ल अनुबन्धित भैसकेका छन् । अब मुख्य अभिनेत्रीको छनोट बाँकी छ । त्यसका लागि निर्माण टिमले अडिसन आह्वान गरेको छ । फिल्मको छायांकन भने तिहारपछि गरिने जनाइएको छ । निर्देशक सुनुवार रियालिटी शो 'रोडिज'मा व्यस्त भएकाले छायांकन पछाडि सारिएको हो । नभए आगामी भदौदेखि छायांकन सुरु गर्ने तयारी गरिएको थियो ।

मुईन इन्टरटेन्मेन्टको ब्यानरमा बन्न लागेको फिल्ममा प्रदीप भारद्वाजको कथा, पटकथा तथा संवाद लेखन छ । कमेडी कथावस्तुमा बन्न लागेको फिल्ममा सन्तोष गौतम र निर्देशक सुनुवारको लगानी र हनेछ । हरि हुमागाइँले फिल्म खिच्नेछन् ।

बेहुली भित्राउने दिन जन्तीलाई खुवाइने मांसाहारी भोजलाई जन्ते बाख्रो भन्ने चलन छ । फिल्मको कथावस्तु यसैको वरिपरि केन्द्रित रहने बुझ्न सकिन्छ ।

# एएफसी च्यालेन्ज लिग : भुटानको पारोसँग चर्च ब्वाइज पराजित




काठमाडौं/अग्रता जोगाउन नसक्दा चर्च ब्वाइज युनाइटेड एएफसी च्यालेन्ज कप प्लेअफ खेलमा भुटानको पारो एफसीसँग २-१ ले पराजित भएको छ । खेलअघि पानी परेपछि हिलाम्मे बनेको दशरथ रंगशालामा भएको खेलमा लकेन लिम्बुको गोलमा चर्च ब्वाइजले सुरुवाती अग्रता लिएको थियो ।

तर किङ्गा वाङ्चुक र विलियम ओपोकुको गोलमा पारो एफसीले पुनरागमन गर्दै जित निकालेको हो । जितपछि पारो एएफसी च्यालेन्ज लिगको समूह चरणमा प्रवेश गरेको छ भने महादेशीय क्लब प्रतियोगितामा डेब्यु गरेको चर्च ब्वाइज बाहिरिएको छ ।

भुटानी क्लबले सिनियर स्तरमा नेपाली क्लबलाई हराएको यो पहिलो पटक हो । पहिलो हाफमा मैदानको अवस्थाका कारण खेलाडीहरुलाई खेल्न कठिन हुँदा पारोले गोल गर्ने दुई अवसर गुमाएको थियो । पहिलो हाफमा पारोको दुई प्रहार पोष्टमा लागेर फर्केको थियो ।

खेलको नवौं मिनेटमा पारोका किङ्गा वाङ्चुकको क्रस चर्च ब्वाइजका खेलाडीले क्लियर गर्न नसक्दा विलियम ओपोकुले बक्स भित्रबाट हानेको प्रहार पोष्टमा लागेर फर्किएको थियो र पारोले अग्रता लिने अवसर गुमाएको थियो ।

यस्तै ३१ मिनेटमा केसुके होन्डाले करिब २५ यार्डबाट हानेको फ्रिकिक पनि पोष्टमा लागेर फर्कँदा पारो दोस्रो पटक अग्रता लिनबाट बञ्चित भएको थियो ।

खेलको ३८ मिनेटमा लकेन लिम्बुले गोल गर्दै घरेलु टोली चर्च ब्वाइजलाई अग्रता दिलाएका थिए । मोसेस गाबाले पेनाल्टी बक्समा हेडमार्फत दिएको पासमा लकेनले सिक्स यार्ड बक्सबाट गोल गरेका हुन् । तर उक्त अग्रता लामो समय टिकेन ।

पारोका लागि किङ्गा वाङ्चुकले ४० मिनेटमा बराबरी गोल फर्काए । चर्च ब्वाईजका गोलकिपर दीप कार्की अघि बढेको अवस्थामा किङ्गाले गोल गरका हुन् ।

नियमित कप्तान किन्ले वाङ्चुक बेन्चमा राख्दै पारो जापानी खेलाडी केसुके होन्डाको कप्तानीमा मैदान उत्रेको थियो । तीन पटक विश्वकप खूलपसकेका होन्डाको जादु पहिलो हाफमा देखिएन । उनको फ्रिकिक प्रहारमा पोष्ट बाधक बन्यो ।

पारोले होन्डाको कप्तानीमा पहिलो रोजाईंमा ९ विदेशी खेलाडी मैदान उतारेको थियो भने चर्च ब्वाईजमा ३ विदेशी खेलाडी मात्र खेलेका थिए ।

दोस्रो हाफमा दुवै टोलीले खेलमा सुधार गर्दै आक्रमक खेल खेलेका थिए । दोस्रो हाफको सुरुवाती १५ मिनेट चर्च ब्वाईजले दबाब बनाएको थियो । ५६ मिनेटमा चर्च ब्वाईजका सनिश श्रेष्ठले बक्स बाहपरबाट हानेको भलिल प्रहार पारोका किपर मिलोस क्युपिकले मुश्किलले बचाए । ६६ मिनेटमा पारोका विलियम ओपोकुले गोल गर्दै पारोलाई २-१ को अग्रता दिलाए ।

पारोका किपर मिलोस क्युपिकले हानेको लामो बल चर्च ब्वाईजका डिफेण्डरले बचाउन नसक्दा अनमार्क रहेका ओपोकुले शानदार गोल गरेका हुन् । ओपोकुले यसअघि नृपालमा ए डिभिजन लिग र नेपाल सुपर लिग खेलिसकेका हुन् । उनले नेपालमा खेलेको अनुभवलाई यस खेलमा सदुपयोग गरे ।

त्यसपछि चर्च ब्वाइजले खेलमा फर्कने प्रयास गरेपनि सफल भएन । ८३ मिनेटमा वैकल्पिक खेलाडी सञ्जीव विष्टले हानेको प्रहार पारोका किपर मिलोस क्युपिक्ले डाइभ गर्दै उत्कृष्ट बचाउ गरे । ८९ मिनेटमा मोसेस ग्याबाले दायाँ भागबाट हानेको प्रहार सेकेण्ड बार छेउबाट बाहिरियो ।

पाँच मिनेट इन्जुरी टाइमको अन्तिम मिनेटमा चर्च ब्वाइजका रोहन कार्कीको लामो क्रसमा मोस्स ग्याबाले बक्स भित्रबाट हानेको हेडर थोरै माथिबाट बाहिरिँदा बराबरी गर्नबाट चुकेको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# प्रचारप्रसारको अभावमा बाँकेको 'सुतैया ताल' ओझेलमा

जानकी/बाँकेको वैजनाथ गाउँपालिका-३ मा अवस्थित प्राकृतिक सौन्दर्यले भरिपूर्ण 'सुतैया ताल' ओझेलमा परेको छ । बाँके राष्ट्रिय निकुञ्जको काखमा रहेको यो ताल प्राकृतिक रूपले रमणीय र मनमोहक भए पनि आवश्यक प्रचार प्रसार तथा भौतिक पूर्वाधारको अभावमा ओझेलमा परेको स्थानीयवासीको गुनासो छ ।

प्राय: हिउँदमा निकुञ्ज क्षेत्रमा वन्यजन्तुहरु यहाँ पानी पिउन आउने गरेका छन् । यसरी पानी पिउन आएका वन्यजन्तुलाई घर आँगनबाट नै हेर्न पाइने भएकाले सो समय अत्यन्त मनमोहक हुने स्थानीय बताउँछन् ।

स्थानीय रामबहादुर थापाले निकुञ्जबाट 'सुतैया ताल'मा पानी पिउन आउने वन्यजन्तु हेर्न पछिल्लो समय आन्तरिक पर्यटकको चहलपहल बढ्दै गए पनि प्रचार प्रसारको अभावमा सो संख्या उल्लेख्य रूपमा वृद्धि हुन नसकेको गुनासो गरे । 'यहाँ विभिन्न प्रजातिका वन्यजन्तु पानी पिउन आउँछन् । दुर्लभ वन्यजन्तुको यहाँ सहज रूपले आवतजावत हुन्छ', उनले भने, 'विशेष गरेर हिउँदका समयमा खडेरीले निकुञ्जमा डढेलो लाग्दा धेरै जनावर यहाँ पानी पिउन आउने गरेका छन्, यो दुर्लभ दृश्य हेर्न पर्यटकलाई आकर्षित गर्न जरूरी छ ।'

बाँकेको कोहलपुर बजार बाट करिब छ किलोमिटर उत्तर तर्फ सुर्खेत जाने बाटोमा पर्ने रत्न राजमार्गको छेउमा अवस्थित यस ताललाई स्थानीय बासिन्दाले विगत एक दशकदेखि निरन्तर रूपले संरक्षण र सम्वर्द्धन गर्दै आइरहेका छन् । 'देउराली जनआश्रित मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूह' मार्फत स्थानीयले तालको संरक्षण, सम्वर्द्धन गर्दै आएका वन समूहका पूर्वध्यक्ष महेन्द्र थारुले बताए । 'विगत एक दशकदेखि स्थानीयले ताल संरक्षण गर्न सुरू गरेका हौं, हाल यहाँ निकुञ्जका वन्यजन्तु पानी पिउन आउने गरेका देखेर हामी उत्साहित छौं', उनले भने, 'ताललाई वरिपरि घना जङ्गलले घेरेको हुनाले वन्यजन्तुका लागि पानी पिउन उपयुक्त स्थान बन्न पुगेकाले यहाँ विशेषगरी पाटेबाघ, चित्तल, बँदेल लगायत वन्यजन्तु यहाँ आउने गर्दछन् ।'

ताल संरक्षणसँगै आम्दानी बढाउने पर्यटकीय गतिविधि गर्न सकिने सम्भावना भए पनि स्थानीय उपभोक्तासँग लगानी गर्ने स्रोतसाधन अभावका कारण तालमा पर्यटकीय गतिविधि बढाउन नसकेको उनको भनाइ छ ।

'ताल अवलोकन गर्न आन्तरिक पर्यटक यहाँ पुग्ने गर्छन् तर यहाँ पर्यटकलाई बसाउने र खुवाउने पूर्वाधार बन्न सकेका छैनन् । त्यसैले संक्षरणका लागि राज्यले ध्यान नदिँदा पर्यटकीय सम्भावना हुँदाहुँदै पनि तालको सौन्दर्य नै ओझेलमा परिरहेको छ', पूर्वअध्यक्ष थारू भन्छन् ।

यहाँ ताल संरक्षण र पर्यटन पूर्वाधार विकासका लागि तीनै तहका सरकार मिलेर अगाडि बढ्नुपर्ने स्थानीयको माग छ । उक्त ताल बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने भएकाले निकुञ्जको ऐन/कानुन पनि पर्यटकीय पूर्वाधार निर्माणमा बाधक बनिरहेकोले कानुनी जटिलता हटार यहाँ पर्यटकीय पूर्वाधार निर्माणमा जोड दिनुपर्ने पश्चिम पर्यटन सरोकार समूहका संस्थापक अध्यक्ष रामबहादुर मल्लो धारणा छ ।

'सुतैया तालको सम्भावना पर्यटकीय क्षेत्रका लागि अत्यन्तै राम्रो छ तर यहाँ निकुञ्जको ऐन/नियम बाधक छ', उनले भने ।

*(स्रोत: अनलाइनखबर)*

# 'रावायण'को शीर्ष गीत: पल र पूजाको नृत्य, सुदर्शनको 'सरप्राइज'



काठमाडौं/आगामी भदौ २१ गते (तीजको दिन)देखि प्रदर्शनमा आउन लागेको फिल्म 'रावायण'को शीर्ष गीत सार्वजनिक गरिएको छ । गीतले त्रेता युगका रावण पात्रको बखान गरेको छ । यसमा अभिनेता पल शाह दोहोरो चरित्रमा देखिएका छन् । र, दुवैमा उनको गेटअप फरक छ । अभिनेत्री पूजा शर्मा पनि गीतमा प्रस्तुत छिन् । गीतको अन्तिममा निर्देशक सुदर्शन थापाको प्रवेशले 'सरप्राइज' दिन्छ ।

साउथ फिल्म 'पुष्पा २'को गीत 'पुष्पा पुष्पा'का गायक नाकाश अजिजको स्वर रहेको गीतमा कृष्णहरी बरालको शब्द रचना र रेवन आरती सिंहको संगीत छ । गीतको अडियो पक्ष बुलन्द छ । र, विक्रम स्वारको नृत्य निर्देशन सशक्त देखिन्छ । सेट डिजाइन तथा प्रप्समा ठूलो खर्च गरिएको छ । गीतले साउथ शैलीको झल्को दिन्छ । यो गीतले फिल्मप्रति दर्शकको कौतुहलता बढाउन सक्नेछ ।

गीतमा सुदर्शन पनि देखिएकाले फिल्ममा उनको महत्वपूर्ण भूमिका रहेको बुझ्न सकिन्छ । प्रियंका कार्की, प्रमोद अग्रहरी, प्रकाश शाह, प्रदीप ढकाल, अर्जुनजंग शाही, कैलाश रावल आदिको पनि अभिनय रहेको 'रावायण'मा शिवम अधिकारीको लेखन, प्रदीप श्रीवास्तवको पटकथा, सौरभ लामाको छायांकन, मिलन श्रेष्ठको सम्पादन, रेवनसहित निरज सिंहको संगीत एवं श्री श्रेष्ठको द्वन्द्व छ ।

फिल्मको केही दिनअघि 'एक्सन प्रधान' टिजर सार्वजनिक गरिएको थियो । जसलाई दर्शकले मन पराएका छन् । युट्युबमा मात्र १० लाख बढी भ्यूज मिलिसकेको छ । तराई क्षेत्रमा हुने हिंसात्मक गतिविधिलाई फिल्मले मुख्य कथावस्तु बनाएको टिजरले संकेत गर्छ । पहिला अभिनेता अनमोल केसीलाई लिएर 'रावायण' बनाउन लागिएको थियो । तर, पछि उनी बाहिरिएपछि पल भित्रिएका हुन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# कांग्रेस नेतृ डीनाले भनिन, 'प्रत्यक्ष निर्वाचनमा ५० प्रतिशत महिला अनिवार्य'

साझाकुरा संवाददाता

हेटौंडा, २९ साउन/ नेपाली कांग्रेसका सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डीना'ले संवैधानिक व्यवस्था गरी प्रत्यक्ष निर्वाचन प्रणालीमा ५० प्रतिशत महिला सुनिश्चित गरिनुपर्ने बताएकी छन् ।



'एनसी वुमन लिडरसिप फोरम' द्वारा आयोजित 'निर्वाचन प्रणालीमा महिलाको समान सहभागिता: वर्तमान सवाल र महिला प्रतिनिधित्वको सुनिश्चितता' विषयक बागमती प्रदेशस्तरीय एकदिने प्रशिक्षण कार्यक्रममा उनले राज्यको हरेक तहमा ५० प्रतिशत महिला सुनिश्चित गर्न समानुपातिक निर्वाचन प्रणालीबाट मात्रै सम्भव नहुने धारणा राखिन् । नेपाली कांग्रेसले नै महिलालाई राजनीतिमा स्थापित गराउन मुख्य भूमिका निर्वाह गरेको तर, पनि निर्णायक तहमा ५० प्रतिशत महिला पुग्न नसकेको उनको भनाई थियो ।

'दक्षिण एसियामा पहिलो महिलामन्त्री द्वारिकादेवी ठकुरानी हो, उनलाई नेपाली कांग्रेसले मन्त्री बनाएको थियो', उनले भनिन् । २०६२/६३ को जनआन्दोलनमा महिलाकै बलमा आन्दोलन सफल भएको डीनाले बताइन् । उनले आन्दोलनमा महिलाको योगदान महत्वपूर्ण हुँदाहुँदै नीति निर्माण तहमा महिला नहुँदा अधिकार कार्यान्वयन हुन नसकेको बताइन् । महिलाका नामबाट नागरिकता दिने व्यवस्था भए पनि सामाजिक मानसिकताका कारण अंश र वंशमा महिलाको हकअधिकार स्थापित हुन नसकेको उनको भनाइ थियो ।

पहिलो संविधानसभामा ३४ प्रतिशत महिला प्रतिनिधित्व भएको स्मरण गराउँदै उनले गठबन्धन गरेर निर्वाचनमा जाँदा महिलाको प्रतिनिधित्व र पहुँच घटेको उल्लेख गरिन् । बागमती प्रदेशका सामाजिक विकासमन्त्री हरिप्रभा खड्गीले महिलाले महिलालाई राजनीतिक मञ्चमा स्थापित गराउन लाग्नुपर्ने बताइन् । '३३ प्रतिशत होइन, अब ५० प्रतिशत प्रतिनिधित्व आवश्यक छ । मूल्यांकनको आधारमा महिलालाई राजनीतिमा स्थापित गराउन यस्ता कार्यक्रम महत्वपूर्ण हुन्छ', उनले भनिन् । महिलाका नेतृत्व स्थापित गराउन आर्थिक सामाजिक रुपमा महिलालाई सक्षम बनाउनुपर्ने धारणा उनले राखिन् ।

# एमाले मन्त्रीलाई औचित्य पुष्टि गर्नेगरी काम गर्न निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, २९ साउन/ बागमती प्रदेश सरकारमा रहेका नेकपा एमालेका ६ जना मन्त्रीलाई प्रदेशको औचित्य पुष्टि हुने गरी काम गर्न नेकपा एमालेका स्थायी कमिटी सदस्य तथा बागमती प्रदेशका इन्चार्ज डा. राजन भट्टराईले निर्देशन दिएका छन् ।

मंगलवार बागमती प्रदेश नेकपा एमाले संसदीय दलको कार्यालयमा एमालेबाट नियुक्त भएका मन्त्रीलाई सम्बोधन गर्दै इन्चार्ज भट्टराईले प्रदेश सरकारप्रति नागरिकमा देखिएको निराशालाई चिर्ने गरी काम गर्न निर्देशन दिएका हुन् । नेता भट्टराईले राम्रो काम गरेर जनतालाई आशा जगाउनुपर्नेमा जोड दिए । मन्त्रीलाई योग्यता, क्षमता र इमान्दारिता देखाउने समय भएको उनले बताए ।

पार्टीले विश्वास गरेर पठाएका मन्त्रीलाई जनतासँग जोडिनका साथै ख्याल गरेर काम गर्न निर्देशन दिए । नेकपा (एमाले) बागमती प्रदेश अध्यक्ष तथा पूर्वमन्त्री कैलाश ढुंगेलले सुनौलो बागमती निर्माण गर्नका एमालेबाट नियुक्त भएका मन्त्रीलाई अवसर भएको बताए । यो सरकार लामो समयसम्म जाने बताउँदै ढुंगेलले चुस्तदुरुस्त भएर अगाडि बढ्न आग्रह गरे ।

नेकपा (एमाले) बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलियाले मन्त्रीलाई परिणाम आउने गरी काम गर्न निर्देशन दिएका छन् । कार्यक्रममा कृषि तथा पशुपन्छी विकास मन्त्री प्रकाश श्रेष्ठले बर्तमान अवस्थामा भइरहेको गतिविधिका बारेमा पार्टी र संसदलीय दललाई जानकारी गराएका थिए । कार्यक्रममा नेकपा (एमाले) पोलिटब्युरो सदस्य तथा पूर्वमन्त्री पार्वत गुरुङ, केन्द्रीय सल्लाहकार सदस्य तथा पूर्वमुख्यमन्त्री डोरमणि पौडेल, केन्द्रीय सदस्य बाबुराम थापा, बागमती प्रदेश उपाध्यक्ष दावादोर्जे लामालगायतको उपस्थिति थियो ।

# चौरासी तीर्थ अक्षयधाममा शिलालेख उद्घाटन

साझाकुरा संवाददाता

हेटौंडा, २९ साउन/ मकवानपुरको हेटौंडा उपमहानगर पालिका-९ स्थित सत्यनारायण मन्दिर एवम् चौरासी तीर्थ अक्षयधाममा शिलालेख उद्घाटन गरिएको छ ।

नेपाल र भारतमा भएको ८४ वटा तीर्थलाई एकै ठाउँमा राखी निर्माण गरिएको मन्दिर एवम् चौरासी तीर्थ अक्षयधाममा मंगलबार एक कार्यक्रमबीच बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिं लामाले शिलालेखको उद्घाटन गरेका हुन् । १२७ जना दाताले एक-एक वटा मूर्ति राखी बनाइएको चौरासी तीर्थ अक्षयधाममा ९३ दाताको शिलालेख गरिएको नेपाल तीर्थप्रकाश संघका अध्यक्ष देवराज कोइरालाले जानकारी दिए ।

यति धेरै तीर्थ एकै ठाउँमा राखी मन्दिर निर्माण भएको यो नेपालमा नै पहिलो रहेको उनले बताए । उनले सबै भक्तजनलाई मन्दिरमा दर्शन गर्न र मन्दिरको अवलोकन गर्न आउन आग्रह गरेका छन् । चौरासी तीर्थ अक्षयधामको प्रतिमा नेपाल प्रकाश संघको आयोजनामा निर्माण भएको हो । प्रतिमाको गत असार ९ गते उद्घाटन गरिएको थियो ।

# अन्तर्राष्ट्रिय युवा दिवस मनाइयो

हेटौंडा, २९ साउन/ बागमती प्रदेश युवा परिषद् हेटौंडाको आयोजनामा 'दिगो विकास लक्ष्यमा प्रगति र समृद्धि: डिजिटल प्रविधिममा युवा पहुँच अभिबृद्धि' भन्ने नाराका साथ हेटौंडामा २५ औं अन्तर्राष्ट्रिय युवा दिवस मनाइएको छ ।

कार्यक्रमको उद्घाटन गर्दै बागमती प्रदेशका युवा तथा खेलकुद मन्त्री मिनकृष्ण महर्जनले युवाका लागि प्रदेश सरकारले रोजगारीको प्रयास गरिरहेको बताए । यो प्रदेशमा सबैभन्दा कम बजेट युवा तथा खेलकुद मन्त्रालयमा रहेकाले काम गर्न समस्या रहेको मन्त्री महर्जनले बताए । अब युवा परिषद्लाई ससक्त बनाउन लाग्नुपर्ने उनले बताए । कार्यक्रममा प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईले युवाका निम्ति परिषद्ले धेरै काम गरेको बताए । युवाका लागि तालिम, रोजगारी र सामान उपलब्ध गराएको बताए । नेपालमा केही हुँदैन भन्नेहरुका लागि यहाँ युवाको क्षेत्रमा धेरै काम भएको बताए ।

# बागमतीका यातायात कार्यालयको तीन दिनदेखि सेवा बन्द

साझाकुरा संवाददाता

हेटौंडा, २९ साउन/ बागमती प्रदेशका यातायात कार्यालयको तीन दिनदेखि सेवा बन्द भएको छ । गत बुधबार र बिहीवार सर्भर डाउन भएको भन्दै केही सेवा प्रभावित भएको थियो । शुक्रबार, आइतबार र सोमबार भने सेवा बन्द नै भएको छ ।

बागमती प्रदेशको भेहिकल रजिस्ट्रेसन सिस्टम (बीपी-भीआरएस) प्रणाली ठप्प रहेको हो । सोमबार दिउँसो ३ बजेपछि प्रणाली सञ्चालनमा आएपनि अझै पूर्णरुपमा सर्भर चुस्त नचलेको कर्मचारीले बताएका छन् ।

स्रोतका अनुसार रीष्ट्रिय सूचना प्रविधि केन्द्रमा रहेको बीपी-भीआरएसको प्रणालीमा समस्या देखिएपछि अनलाइन प्रणाली अवरुद्ध भएको हो । यसले गर्दा अनलाइन प्रणाली प्रयोग गरेर हुने सबै सेवा बन्द भएको छ ।

बागमती प्रदेशभित्रका साना ठूला सवारी कार्यालय एकान्तकुना ललितपुर, यातायात व्यवस्था कार्यालय मोटरसाइकल-गुर्जुधारा काठमाडौं, यातायात व्यवस्था सेवा कार्यालय सल्लाघारी भक्तपुर र सानोभऱ्याङ काठमाडौंबाट सेवा लिनेहरु मर्कामा परेका छन् । यस्तै यातायात व्यवस्था सेवा कार्यालय काभ्रे, खुर्कोट सिन्धुली र हेटौंडा मकवानपुरबाट दिइने सवारीसम्बद्ध सेवा पनि ठप्प भएको हो । कार्यालयहरु खुले पनि सेवा बन्द भएको सूचना टाँसेर सेवाग्राहीलाई गेटबाटै फर्काइएको छ ।

यसले गर्दा सबैभन्दा धेरै सवारीको करतिर्न गएका सेवाग्राही मर्कामा परेका छन् । यस्तै सवारी दर्ता, नामसारी, रुट इजाजत, पटके इजाजतजस्ता सेवा समेत प्रभावित भएको छ । यतिसम्म कि पटके इजाजत समेत जारी नहुँदा सार्वजनिक सवारीले रिजर्भका लागि काट्ने पटके इजाजत नै लिन पाएका छैनन् ।

सरकारी प्रणाली अवरुद्ध हुँदा पटके इजाजत नपाएकाहरुले उल्टै ट्राफिकलाई जरिवाना तिरेर सवारी चलाउनु परिरहेको छ ।

एकान्तकुनामा सवारी करतिर्न पुगेका सञ्जीव मानन्धर सरकारले नै अनलाइन प्रणाली अवरुद्ध राख्ने र सेवाग्राहीसँग कर नतिरेको भन्दै जरिवना अशुल्ने काम भइरहेको बताउँछन् ।

'जेठमा करतिर्न जाँदा पनि सर्भर डाउन छ भनेर फिर्ता पठाए,' उनले भने, 'पछिल्ला दिनमा पटक-पटक कार्यालय पुग्दा पनि कर्मचारी त्यही भन्दै फिर्ता पठाइरहेछन्, अनि सोध्दा जरिवाना त लाग्छ भन्ने जवाफ दिन्छन् ।'

साना ठूला सवारी कार्यालय एकान्तकुनाका प्रमुख हरि हर पोखरेल शुक्रबार र आइतबार पूर्णरुपमा ठप्प भएको सेवा सोमबार दिउँसोबाट सुरु भएको बताउँछन् । 'अब समस्या हल भइसक्यो,' उनले भने, 'बुधबार र बिहीबार पनि सर्भर स्लो भएको थियो, रातिसम्म सेवा दियौं, कोही ढिला भएर फर्किनुभयो होला ।' अघिल्लो साता विद्युतीय लाइसेन्सको प्रणाली बन्द हुँदा केहीदिन लाइसेन्स कार्यालयले सेवा रोक्नु परेको थियो ।

# सातै प्रदेशमा मानव अंग प्रत्यारोपण उपकेन्द्र बनाइने

साझाकुरा संवाददाता

हेटौंडा, २९ साउन/ स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले बागमतीसहित सातवटै प्रदेशमा मानव अंग प्रत्यारोपणका लागि उपकेन्द्र खोलिने घोषणा गरेका छन् ।

विश्व अंगदान दिवसका अवसरमा भक्तपुरस्थित शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा अंगदान गर्नेहरुलाई सम्मान गर्दै मन्त्री पौडेलले आफूले हालै सार्वजनिक गरेको कार्ययोजनामा पनि यो विषय समेटिएको बताए ।

'मानव अंगदानका लागि सबै प्रदेशमा यसै केन्द्रको शाखाका रुपमा उपकेन्द्र सञ्चालन हुनेछन्,' मन्त्री पौडेलले भने, 'तत्काल कोशी प्रदेशबाट यो काम थालिनेछ ।' 'यस (केन्द्र) ले मात्र देशैभर सेवा दिन सक्दैन,' उनले भने, 'त्यसैले भक्तपुर लाई केन्द्र बनाएर सातै प्रदेशमा अंग प्रत्यारोपण उपकेन्द्र खोल्ने तयारी गरेका छौं ।'

उनले कोशीमा छिट्टै उपकेन्द्र खुल्ने जानकारी दिंदै अरु प्रदेशमा पनि चाँडै काम थालिने गरी तयारी अघि बढिरहेको बताए । पौडेलले अन्य ६ वटा प्रदेशको कुन ठाउँमा उपकेन्द्र स्थापना हुने भन्नेबारे जानकारी दिएनन् । सीमित जनशक्ति, पूर्वाधार र श्रोतका कारण चाहेजस्तो सेवा दिन नसकिएको उल्लेख गर्दै मन्त्री पौडेलले हाल भएका जनशक्ति र श्रोतलाई अधिक सक्रिय बनाएर जनतलाई बढी लाभ दिने गरी काम गर्ने प्रतिबद्धता जनाए ।

भक्तपुरस्थित केन्द्र साँघुरो भएकाले समस्या परेको गुनासो आएको भन्दै मन्त्री पौडेलले सूर्यविनायकमा स्थानान्तरणका लागि मन्त्रिपरिषदमा प्रस्ताव लैजाने बताए । मन्त्री पौडेलले अस्पताललाई उपकरण तथा जनशक्ति थप्ने विषयमा आवश्यक पहल गर्न प्रतिबद्ध रहेको पनि बताए ।

यस्तै मन्त्री पौडेलले मानव अंगदान जीवनदान भएको भन्दै यसलाई प्रोत्साहित गर्नु जरुरी रहेको उल्लेख गरे । कार्यक्रममा अंगदातालाई सम्मान गर्दै मन्त्री पौडेलले आफूले पनि अंगदान गर्ने घोषणा गरे ।

## हेटौंडा उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

### सूचना ! सूचना ! सूचना !

नेपाल सरकार र मातहतका निकायमा व्यवसाय दर्ता गरी यस हेटौंडा उपमहानगरपालिकामा दर्ता नगरी संचालन भैरहेको तथा हेटौंडा उपमहानगरपालिकाका दर्ता गरी नियमितरूपमा नवीकरण गर्न नआएको उद्योग तथा व्यवसायीहरूलाई यस उपमहानगरपालिकाको आर्थिक ऐन २०८१ बमोजिम निम्नानुसार छुटको व्यवस्था भएकोले आर्थिक ऐन २०८१ ले दिएको छुट सुविधा लिनुहुन सबैमा यो सूचना जारी गरिएको छ । अन्यथा नियमानुसार भै जाने व्यहोरा अनुरोध छ ।

**निम्न**:

१. मिति २०८१ आश्विन मसान्तभित्र व्यवसाय नयाँ दर्ता तथा नवीकरण गर्न आएमा व्यवसाय करमा १० प्रतिशत छुटको व्यवस्था,
२. अन्य निकायमा दर्ता भई संचालनमा रहेको तर हेटौंडा उपमहानगर पालिकामा दर्ता नभएका उद्योग तथा व्यवसायहरूलाई चालु आ.व. २०८१/०८२ को चैत्रमसान्तभित्र व्यवसाय दर्ता गर्दा आ.व. २०७८/०७९ भन्दा अगाडीको व्यवसाय कर र घर बहाल करमा शत प्रतिशत छुट दिने व्यवस्था,
३. आ.व. २०७८/०७९ भन्दा अगाडी यस कार्यालयमा व्यवसाय दर्ता गरी नियमितरूपमा नवीकरण गर्न नआएका उद्योग तथा व्यवसायीहरूको हकमा चालु आ.व. २०८१/०८२ को चैत्रमसान्तभित्र नवीकरण गर्न आएमा आ.व. २०७८/२०७९ भन्दा अगाडीको व्यवसाय कर र घर बहाल करमा छुट दिई व्यवसाय नवीकरण गरिनेछ ।
४. हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र संचालित व्यवसाय बन्द गर्दा चालु आर्थिक वर्षको व्यवसाय कर तथा व्यवसाय बन्द भन्दा अगाडी अवधिको बहाल कर फरफारक भएपछि मात्र बन्द गरिने र विभिन्न प्रयोजनको लागि आर्थिक ऐन २०८१ अनुसार निश्चित समयका लागि घर बहाल कर बुझाउनु भएका करदाताहरूले घर बहाल कर समयमा नै आई बन्द समेत गर्नुहुन जानकारी गराईन्छ । समयमा बन्द नगरेमा घर बहाल कर मासिक रूपमा गणना हुँदै जाने व्यहोरा अनरोध छ ।

**हेटौंडा उपमहानगरपालिका**
**राजश्व व्यवस्थापन शाखा**

## कम्पनीको नाम परिवर्तन हुने सम्बन्धी सूचना !

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०४/२४ मा प्रा. मि नं. २०५९१२ मा दर्ता लुम्बिनी अल स्टार्स पा.लि. अंग्रेजीमा Lumbini All Stars Pvt.Ltd. को मिति २०८१/०४/२६ मा कम्पनीको एकल संस्थापकको विशेष साधारण सभा लगायत संचालक समितिबाट स्वीकृति प्राप्त भई साविकको नाम दर्ता लुम्बिनी अल स्टार्स प्रा.लि. अंग्रेजीमा Lumbini All Stars Pvt.Ltd. परिवर्तन भई **ड्रिम स्पोर्ट्स प्रा.लि.** अंग्रेजीमा **Drean Sports Pvt.Ltd.** हुने भएकोले यस नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण-धन कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ ।










साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना